# चालु आ.व.२०६८/०६९ को वजेटमा उल्लेखित बुदागत नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था

| सि.नं. | दफा नं. | व्यहोरा | प्रगती |
|---|---|---|---|
| १ | १२ | शान्ति र संविधान वर्तमान सरकारको मुख्य कार्यभार रहेकोले माओवादी सेनाका लडाकूहरुको समायोजन र पुनर्स्थापना गरी शान्ति प्रक्रियालाई पूर्णता दिन आवश्यक स्रोत साधनको व्यवस्था छ गरेको छु । नेपाली जनताको बृहत्तर हित हुने गरी राष्ट्रिय सहमतिमा नयाँ संविधान निर्माण गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न पर्याप्त बजेट छुट्याएको छु । | माओवादी सेनाका लडाकूहरुको समायोजन र पुनर्स्थापन सम्बन्धी कार्यका लागि विशेष समितिबाट सात वटै शिविरमा कर्मचारी खटाई कार्य भै रहेको । |
| २ | १३ | शहिद तथा वेपत्ताका परिवार र जन आन्दोलनका घाइतेहरुलाई राहत उपलब्ध गराउन बजेटको व्यवस्था गरेको छु । द्वन्द्वपीडित र विस्थापितहरुलाई पुनर्स्थापना गर्न तथा शहिद र बेपत्ताका घरवारविहिन परिवारलाई पुनर्स्थापना एवं जीविकोपार्जनको लागि विशेष कार्यक्रम ल्याएको छु । | शहिद २६ जनाका परिवार र बेपत्ता पारिवार १५० जना र जनआन्दोलनका घाइतेहरु २३ जनालाई राहत उपलब्ध गराउन जिल्ला जिल्लामा अख्तियारी पठाई वितरण कार्य भै रहेको छ । द्वन्द्व प्रभावित परिवारलाई पुनस्थापना एवं जिविकोपार्जनको लागि विभिन्न १२ जिल्लामा १० हजार जनाको रोजगार/स्वरोजगार तालिम संचालन गर्न सेवा प्रदायक संस्था छनौटको प्रक्रियामा रहेका छन् । |
| ३ | १४ | बेपत्ता पारिएकाहरुको खोजी गर्ने आयोग, उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने, गोकर्ण र तराई मधेशमा सहिद पार्क र मधेश आन्दोलन स्मृति पार्क निर्माण गर्ने र जनताको पहलमा शान्ति अभियान कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु । | बेपत्ता पारिएकाहरुको खोजी गर्ने आयोग, उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग गठनको प्रक्रियामा रहेको छ । गोकर्ण पार्क निर्माणाधिन छ भने विभिन्न शहिद पार्क स्मृति पार्क निर्माणको लागि कार्यक्रम स्वीकृतिको चरणमा रहेका छन् । |
| ४ | १५ | विगतको द्वन्द्वमा बढी प्रभावित मध्य र सुदूर पश्चिमका जिल्लाहरुलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । यो कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६८ कार्त्तिक महिनाभित्र तर्जुमा गरिनेछ । | द्वन्द्वमा बढी प्रभावित मध्य र सुदुपश्चिमका जिल्लाहरुमा विशेष कार्यक्रम संचालन गर्न विनियोजन भएको रु. १० करोड कार्यान्वयनको लागि निर्देशिका स्वीकृतिको प्रक्रियामा रहेको छ । |
| ५ | १६ | तीव्र आर्थिक विकासबाट दिगो शान्ति हासिल गर्न सकिने भएकोले गाउँस्तरसम्म विकास निर्माणका कार्यहरु गर्न शान्तिका लागि विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम प्रस्ताव गरेको छु । यो कार्यक्रम संचालनको निर्देशिका २०६८ कार्त्तिक भित्र तर्जुमा गरिनेछ । | शान्तिका लागि विकास कार्यक्रम संचालनको लागि विनियोजित बजेट रु. २० करोडको कार्यान्वयनको लागि निर्देशिका स्वीकृतिको प्रकृयामा रहेको छ । |
| ६ | १७ | द्वन्द्वकालमा भत्किई पुनर्निर्माण गर्न बाँकी रहेका संरचनाहरुको पुनर्निर्माण गर्न आवश्यक रकम<br>छुट्याएको छु । | द्वन्द्वकालमा भत्किई पुननिर्माण गर्न बाँकी रहेका संरचनाको निर्माण कार्य क्रमिक रुपमा भै रहेको छ । |